# कर्णाली प्रदेश विनियोजन विधेयक, २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत
२०८१ जेष्ठ १२

**माननीय सभामुख महोदय,**

१. नेपाली जनताले विभिन्न समयमा गरेका आन्दोलन तथा ऐतिहासिक सङ्घर्षबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न नेपालको संविधानले व्यवस्था गरेको सङ्घीय शासन प्रणालीको मर्म बमोजिम गठित सम्मानित यस कर्णाली प्रदेश सभामा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशिता, सामाजिक न्यायका लागि भएका जनयुद्ध, जनआन्दोलन, कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलन एवम् अन्य न्यायपूर्ण आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने श्रद्धेय सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाइते/अपाङ्ग तथा वेपत्ता नागरिक प्रति उच्च सम्मान प्रकट गर्दछु।

३. वि.सं. २०८० साल कार्तिक १७ गते जाजरकोटको रामिडाँडा केन्द्रबिन्दु भई गएको भूकम्प तथा बाढी, पहिरो लगायत अन्य विपद्बाट ज्यान गुमाएका मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. मुलुकको समग्र अर्थतन्त्रमा देखिएको समस्याको प्रभाव कर्णाली प्रदेशमा समेत परेको छ। जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्पले प्रभाव पारेको क्षेत्रमा खास गरेर अस्थायी आवास तथा भौतिक संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापनामा ठूलो स्रोतको आवश्यकता रहेको छ। प्रदेश सरकारसँग रहेको स्रोत साधनको सीमिततालाई मध्यनजर गरेर मैले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण गर्दा नेपालको संविधानमा उल्लिखित लोकतान्त्रिक मूल्यमान्यता, समाजवाद उन्मुख आर्थिक संरचना, समुन्नत, समतामूलक र समृद्ध कर्णालीको भावी तस्वीरलाई सामुन्ने राखेर आर्थिक शिथिलताबाट उत्पन्न चुनौतीहरूको व्यवस्थापन तथा गरिबी, भोकमरी र बेरोजगारीको अन्त्य सहित भूकम्पबाट प्रभावितको पुनर्स्थापन गर्दै दिगो आर्थिक समृद्धि हासिल गर्ने दिशामा विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता केन्द्रित गरेको छु।

**माननीय सभामुख महोदय,**

आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता तयार गर्दा नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई प्रमुख मार्गदर्शनको रुपमा लिएको छु। साथै सङ्घीय सरकारको सोह्रौं योजनामा प्रस्ताव गरिएको नीति, सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष्य तथा दिगो र फराकिलो आर्थिक वृद्धिका आधार तयार गर्नुपर्ने विषयलाई महत्त्वपूर्ण सन्दर्भको रुपमा लिएको छु। कर्णाली प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजनाले निर्धारण गरेका प्राथमिकतामा रहेर योजना अवधिमा हासिल गर्न तोकिएका परिमाणात्मक लक्ष्यहरूको समीक्षा गर्दै दोस्रो आवधिक योजना तर्जुमा गरी **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**को दीर्घकालीन सोचका साथ समावेशी, दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्दै

आर्थिक, सामाजिक रुपान्तरण, समतामूलक समाज र सामाजिक न्याय सुनिश्चित गर्न आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट केन्द्रित गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म कर्णाली प्रदेश विनियोजन विधेयक, २०८१ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्रमुख सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

५. **सिद्धान्तहरूः**

५.१ नेपालको संविधानले आत्मसात् गरेको लोककल्याणकारी राज्यको अवधारणा, दिगो एवम् समावेशी आर्थिक वृद्धिका लागि ऊर्जा, कृषि, पर्यटन तथा सूचना प्रविधि लगायतका आर्थिक विकासमा उच्च योगदान दिन सक्ने क्षेत्रमा स्रोतको परिचालन गरिनेछ।

५.२ मानव अधिकार, नागरिकको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तहरू, समतामूलक आर्थिक समृद्धि, सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, सहअस्तित्व, सहकारिता र समन्वय एवम् उत्पादन र रोजगारीका अवसर वृद्धि गर्नका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्दै सहज वातावरण सिर्जना गरिनेछ।

५.३ सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानीमा औद्योगिकीकरण, उत्पादन र आर्थिक सशक्तीकरण मार्फत स्वरोजगारी सिर्जना गर्दै सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्तको रुपमा अनुसरण गरिनेछ।

५.४ कर्णालीवासीको समृद्धिको तीव्र आकाङ्क्षा, सोह्रौं योजना, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना, तर्जुमा हुँदै गरेको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, **समृद्ध नेपाल र सुखी नेपाली**को दीर्घकालीन राष्ट्रिय आकाङ्क्षामा आधारित समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको दीर्घकालीन सोचलाई मुख्य आधारको रुपमा लिई आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

५.५ संविधानले आत्मसात् गरेको सार्वजनिक, निजी र सहकारी क्षेत्रको विकास र सहभागिता मार्फत समग्र विकास प्रक्रियाको अभिन्न अङ्गको रुपमा योजना प्रणालीलाई संस्थागत गर्दै विकासका सबै प्रक्रियामा नागरिकको सार्थक सहभागिता, अपनत्व र योगदानलाई सुनिश्चित गरिनेछ।

५.६ संविधानमा उल्लिखित सङ्घ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार, प्रदेश सरकारको कार्यजिम्मेवारी तथा प्राथमिकता, कर्णाली प्रदेशको विशिष्ट भुगोल तथा यसका अवसरहरू, संस्थागत क्षमता र उपलब्ध सीमित स्रोत साधन तथा न्यायोचित वितरण समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

५.७ विगतका बजेट तथा कार्यक्रमको उपलब्धिलाई मध्यनजर गर्दै वस्तुनिष्ठ बजेट तर्जुमा, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षणसँगै नतिजालाई केन्द्रमा राखी समग्र वित्तीय सुशासन कायम गर्दै स्थानीय स्रोत साधनको अधिकतम उपयोग, उत्पादनमा वृद्धि, उच्चतम् रोजगारी सिर्जना हुने गरी दिगो प्रतिफलयुक्त कार्यक्रम एवम् आयोजनाहरूमा बजेट विनियोजन गरिनेछ।

५.८ कर्णाली प्रदेशलाई प्राप्त हुने सङ्घीय सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालित आयोजनाहरूको नतिजामूलक कार्यान्वयनको लागि विशेष पहल गरिनेछ। साथै प्रदेश सरकारले गर्ने सार्वजनिक खर्चको विनियोजन कुशलता वृद्धि गरी परिणाममुखी र नतिजामूलक बनाउन वित्तीय साधनको मितव्ययी, प्रभावकारी, समतामूलक र न्यायोचित रुपमा बाँडफाँट गरिनेछ। सार्वजनिक स्रोतलाई सेवा प्रवाह, आर्थिक, सामाजिक, पूर्वाधार विकास र मानव पूँजी निर्माणमा लगानी गरिनेछ। अबण्डामा रकम राखी पछि बाँडफाँट गरी अख्तियारी दिने प्रवृत्तिलाई निरुत्साहित गर्दै लगिनेछ।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमका उद्देश्यहरू प्रस्तुत गर्दछु।

## ६. उद्देश्यहरूः

६.१ अर्थतन्त्रका सवै क्षेत्रको समावेशी एवम् समन्यायिक विकासबाट रोजगारीका अवसर सिर्जना गरी उत्पादनमा वृद्धि गर्दै कर्णालीवासीको आर्थिक र सामाजिक लगायत समग्र जीवनस्तरमा सुधार गर्ने गरी प्रदेशको अर्थतन्त्रको विकास र विस्तार गर्ने।

६.२ कृषि, उद्योग, खनिज, वन तथा पर्यटन लगायतका तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी स्थानीय सहभागिता वृद्धि गर्दै उत्पादन र उत्पादकत्व मार्फत रोजगारी सिर्जना गर्ने। खाद्य अधिकार, खाद्य सम्प्रभुता सहितको खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्न कृषि तथा पशु बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नागरिकमा बिमा प्रति विश्वास अभिवृद्धि गर्दै बीमाको पहुँच विस्तार गर्ने। कृषिजन्य उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ स्थानीयस्तरमै उत्पादन गर्न आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरी आयआर्जन वृद्धि गर्ने।

६.३ रोजगारमूलक, व्यवहारिक एवम् जीवनोपयोगी प्राविधिक सिप तथा तालिम मार्फत युवा, महिला, आर्थिक तथा सामाजिक रुपमा विपन्न समुदाय एवम् वर्गको क्षमता विकास गरी रोजगारी सिर्जना गर्ने।

६.४ कर्णाली समृद्धि परियोजना मार्फत थप रोजगरीका अवसर सिर्जना गरी बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउँदै लगिनेछ।

६.५ भुकम्पबाट प्रभावित क्षेत्रलाई प्राथमिकता दिई योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ। क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माण गर्न सङ्घ सरकार र विकास साझेदारसँग सहकार्य गर्ने नीति लिइनेछ।

६.६ स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच अभिवृद्धि गर्न जिल्ला स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराई नागरिकको जीवन रक्षा गर्ने। विभिन्न प्रकारका महामारीको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचार क्षमता बढाउन समन्वयात्मक ढङ्गले स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण एवम् विस्तार गर्ने।

६.७ प्रदेशभित्रको भौगोलिक विकटता र असमानतालाई समुचित रुपले सम्बोधन गर्दै दिगो, भरपर्दो, सर्वसुलभ, जनमैत्री, गुणस्तरीय र वातावरण अनुकूलित पूर्वाधारको विकास गरी रोजगारी सिर्जना गर्ने।

६.८ वार्षिक कार्यक्रम कार्यान्वयनमा पारदर्शिता, गुणस्तरीयता एवम् प्रभावकारिता अभिवृद्धिका लागि सार्थक जनसहभागिता, नवीन प्रविधिको उच्चतम उपयोग, वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना निर्माण, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी संस्थागत क्षमता विकास मार्फत वित्तीय अनुशासन सहित समग्र क्षेत्रमा सुशासन कायम गर्ने।

६.९ समयमै बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तिनै तहका सरकारका निकाय, निजी, सहकारी र सरोकारवालाबीच उचित समन्वय र सहकार्य गर्ने।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०८१ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकता तथा प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## ७. विनियोजन विधेयकका प्राथमिकता तथा प्रमुख नीतिहरूः

७.१ आगामी आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले प्राप्त गरेका उपलब्धिको समीक्षा गर्दै उपलब्ध सीमित साधन स्रोतको परिचालन गरी प्रदेश गौरवका आयोजना, बहुवर्षीय, अधुरा तथा क्रमागत आयोजना पूरा गर्ने र नयाँ आयोजना छनोट प्रक्रियालाई नतिजामुखी हुने गरी कार्यान्वयनमा लैजाने नीति अवलम्बन गरिनेछ।

७.२ सडक पूर्वाधारलाई सुरक्षित, भरपर्दो र सहज बनाउन रणनीतिक महत्त्वका सडक तथा पुल निर्माणलाई प्राथमिकता दिइनेछ। सडक यातायात तथा हवाई सेवालाई सुरक्षित, भरपर्दो र सर्वसुलभ बनाउने नीति लिइनेछ। सरोकारवाला निकायहरू समेतको सहकार्यमा सडक पूर्वाधारमा सुधार, ट्राफिक सचेतना अभिवृद्धि र ट्राफिक नियम पालनामा कडाइ गरी सडक दुर्घटना न्यूनीकरण गरिनेछ।

७.३ प्रदेशभित्रका सहरहरूलाई सुविधासम्पन्न, सफा, सुन्दर, सुरक्षित र आकर्षक बनाउन सडक पेटी निर्माण, हरियाली प्रवर्द्धन लगायत सहरी पूर्वाधार तथा अन्य सेवा सुविधा विस्तार गर्ने नीति लिइनेछ। सुरक्षित र व्यवस्थित भवन संरचनाको लागि भवन संहिताको पूर्ण परिपालना गरिनेछ।

७.४ कर्णाली प्रदेशमा रहेका सबै किसिमका विभेद तथा उत्पीडनको अन्त्य गरी समतामूलक समाज निर्माणका लागि स्रोत र साधनको न्यायोचित वितरण गरिनेछ। सामाजिक न्याय,

लैङ्गिक तथा समावेशी विकास, सामाजिक संरक्षण, रोजगारी सिर्जना गरी आर्थिक सामाजिक समता कायम गर्नका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम केन्द्रित गरिनेछ। यसका लागि सबै प्रकारका अनुदान र सुविधाहरूमा दोहोरोपना हटाई सम्भव भएसम्म एकीकृत रूपमा लक्षित वर्ग केन्द्रित हुने व्यवस्था मिलाइनेछ। यसको लागि मानव विकास सूचकाङ्क, बहुआयामिक गरिबी र भौगोलिक विकटता लगायतका सूचकको उपयोग गरिनेछ।

७.५ नवप्रवर्तनलाई प्रोत्साहन, नविनतम् प्रविधिको प्रयोगबाट स्थानीय ज्ञान, सिप, स्रोत, साधन र जनशक्तिको उच्चतम् उपयोग, परिचालन गरी उच्च आर्थिक वृद्धि हासिल गर्न व्यावसायीकरण र बजारीकरणलाई प्राथमिकतामा राखी बहुआयामिक गरिबी घटाउन स्वरोजगारीका अवसर सिर्जना मार्फत आत्मनिर्भर अर्थतन्त्र विकासको आधारशीला तयार हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

७.६ भौतिक पूर्वाधार निर्माण लगायतका विकासात्मक गतिविधि सञ्चालन गर्दा वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकुलन हुने गरी कार्यक्रम तर्जुमा गरिनेछ।

७.७ बजेट कार्यान्वयन प्रक्रियालाई शीघ्र र व्यवस्थित गर्न मापदण्ड, कार्यविधि, निर्देशिका लगायतका आवश्यक कानूनहरू पहिलो त्रैमासिकभित्रै तर्जुमा गरिनेछ।

७.८ प्रदेशको आन्तरिक राजस्वको दायरा विस्तार गर्न राजस्व प्रणालीमा सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। राजस्व परिचालनलाई व्यवस्थित, भरपर्दो, दिगो बनाउन तथा आन्तरिक राजस्व वृद्धि गर्न अध्ययन अनुसन्धान गरी प्राप्त सुझावहरू कार्यान्वयन गरिनेछ। प्रदेशको आन्तरिक राजस्व अभिवृद्धिका लागि अनुगमन गर्ने पद्धतिको विकास गरिनेछ। यसका लागि स्थापित संस्थागत संरचनालाई क्रियाशील बनाइनेछ। बाँडफाँट हुने सङ्कलित राजस्व सम्बन्धित विभाज्य कोषमा राखी मासिक रूपमा बाँडफाँट गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

७.९ प्रदेशबासीहरूलाई आधारभूत स्वास्थ्य सेवा सहज र सरल रुपमा प्रदान गरिनेछ। यसको लागि तीनै तहको समन्वय, सहयोग र सहकार्यमा, आधारभूत खोप तथा स्वास्थ्य परीक्षण, विपन्न नागरिक तथा लक्षित समुदाय स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। कर्णाली प्रादेशिक अस्पताल लगायत जिल्लास्थित स्वास्थ्य संस्थाहरूको सेवालाई स्तरीय र विशिष्टिकृत गर्दै लैजाने नीति लिइनेछ। स्वास्थ्य सेवाको पूर्वाधार विकास, जनशक्तिको क्षमता विकास, उपकरण र स्वास्थ्य सामग्रीको सहज आपूर्ति एवम् उपलब्धताको सुनिश्चित गरी विभिन्न किसिमका महामारी तथा रोगको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको उचित प्रबन्ध मिलाईनेछ। टेलिमेडिसिन, घुम्ती स्वास्थ्य शिविर, वैकल्पिक एवम् प्राकृतिक तथा परम्परागत चिकित्सा पद्धतिको अनुसन्धान, विकास र विस्तार गर्दै लगिनेछ।

७.१० लागुऔषध कारोबार तथा दुर्व्यशनको रोकथाम र सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन, मानसिक चिन्ता तथा मनोरोगको नियन्त्रण एवम् मानसिक स्वास्थ्य सम्बन्धी

प्रवर्द्धनात्मक क्रियाकलापलाई अगाडि बढाइनेछ। आकस्मिक दुर्घटनाका बिरामी, गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार मार्फत उपचार सेवाको उचित प्रबन्ध मिलाइनेछ।

७.११ खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको हकलाई सुनिश्चित गर्न जमिनको अधिकतम उपयोगबाट कृषि उत्पादन वृद्धि गर्ने, पशुपन्छी पालनबाट मासुजन्य एवम् दुग्धजन्य पदार्थको उत्पादन वृद्धि गर्नका लागि कृषिमा विविधीकरण गरी व्यावसायिक कृषि मार्फत रोजगारीका अवसरहरू सिर्जना गर्न आवश्यक बजेट तथा कार्यक्रम तय गरिनेछ। नेपाल सरकार तथा स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा खाद्यान्न लगायत अत्यावश्यक खाद्य सामग्रीको सहज आपूर्ति र भण्डारणको व्यवस्था मिलाइनेछ। खाद्य वस्तु, फलफूल, तरकारी, दुग्धजन्य र मासुजन्य पदार्थमा कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ।

७.१२ कर्णाली प्रदेशमा उत्पादित मार्सी धान, चिनो, कागुनो, सिमि, कोदो, फापर, आलु, अदुवा, टिमुर, ओखर, स्याउ लगायत रैथाने तथा अर्गानिक उत्पादनलाई ब्राण्डिङ् गरी बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ। कृषिमा प्रदान गर्रिंदै आएको अनुदानलाई उत्पादन र प्रतिफलमा आधारित बनाइनेछ। सहकारीको मूल्य-मान्यता र सिद्धान्तको परिपालना र बचतकर्ताको अधिकतम हित सुनिश्चित हुने गरी सहकारी संस्थाहरूको अनुगमन, नियमन पद्धतिलाई थप सुदृढ गरिनेछ।

७.१३ मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्न यस कार्यक्रमलाई रोजगारी सिर्जना, पूर्वाधार विकासको अतिरिक्त उद्यमशीलता विकास र लक्षित वर्गको जीविकोपार्जनमा सुधार ल्याउने हेतुले कृषि, लघु उद्यम, आयआर्जन, सिप विकास, उपकरण सहयोग लगायतका कार्यक्रममा समेत विस्तार गरिनेछ। उक्त कार्य निजी क्षेत्रसँगको समन्वयमा प्रदेशमा प्राविधिक, व्यावसायिक सिप तथा तालिमको अवसर प्रदान गरी स्वरोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

७.१४ पर्यटकीय वस्तुको विकास, सहज पहुँच र बजारीकरण गर्न, नयाँ पर्यटकीय गन्तव्यको पहिचान गर्न, साहसिक खेल पूर्वाधार, पोड-वे, रोप-वे तथा केबलकार जस्ता पर्यटकीय पूर्वाधारमा लगानी गर्न निजी क्षेत्रलाई आकर्षित गर्न प्रोत्साहन दिइनेछ।

७.१५ जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने विपद्लाई मध्यनजर गर्दै कर्णाली प्रदेशको जटिल भौगर्भिक संरचना र जोखिमको प्रकृति अनुसार सुरक्षित र व्यवस्थित आवास बनाउने तथा बस्ती विकास गर्ने नीति अवलम्बन गरिनेछ।

७.१६ प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न संवैधानिक दायित्व पूरा हुने गरी सङ्घीय सरकारको समन्वय र सहकार्यमा आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध गरिनेछ।

७.१७ सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाइ सेवामा सहजता ल्याउन सूचना तथा सञ्चार प्रविधिको उपयोग र विस्तार, साइबर सुरक्षा कायम गर्दै विद्युतीय सुशासन

प्रवर्द्धनमा जोड दिइनेछ। नागरिकको सुसूचित हुने हकको प्रत्याभूत गर्दै स्थानीय तथा प्रादेशिक सञ्चार माध्यमको प्रवर्द्धनका लागि आवश्यक नीति लिइनेछ। नागरिकको सुसुचित हुने हकलाई प्रत्याभूत हुने गरी सूचनाको प्रचार प्रसार तथा प्रसारण गरिनेछ। लोककल्याणकारी विज्ञापनलाई थप व्यवस्थित गरिनेछ।

७.१८ सङ्घीय सरकार तथा स्थानीय तहसँगको साझेदारीमा आधारभूत स्वच्छ खानेपानीको व्यवस्था, कृषि उत्पादन वृद्धिको लागि सिँचाइको व्यवस्था, जलविद्युत उत्पादन र जलपर्यटनको लागि पूर्वाधार विकासलाई प्राथमिकता दिई निजी क्षेत्रको सहभागिताको लागि प्रोत्साहन गरिनेछ। राष्ट्रिय प्रसारण लाईन नपुगेका वस्तीहरुमा विद्युत सेवा विस्तार गरी नागरिकमा विद्युत पहुँच बढाउन सङ्घ तथा स्थानीय तहसँगको समन्वय र सहकार्यलाई जोड दिइनेछ।

७.१९ जगदुल्ला, नलगाड, ताक्सुगाड, माथिल्लो कर्णाली लगायतका जलविद्युत आयोजना निर्माण तथा सञ्चालनका लागि प्रदेश सरकारबाट शेयर लगानी गरिनेछ। यस्ता आयोजनाहरूमा स्थानीयवासी र सरोकारवाला निकाय समेतको शेयर लगानीका लागि प्रोत्साहन गरिनेछ। उक्त आयोजनाहरू शीघ्र निर्माण तथा सञ्चालनका लागि सङ्घीय सरकारसँग समन्वय गरिनेछ।

७.२० परम्परागत तथा घरेलु उद्योगको संरक्षण गर्दै कृषि, खानी तथा वन पैदावारमा आधारित साना उद्योग सञ्चालन गर्न उत्पादन र उत्पादकत्व वृद्धि गर्नेतर्फ युवाहरूलाई अभिप्रेरित गरिनेछ। उच्च मूल्यका जडिबुटी तथा खनिज पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन तथा भण्डारण गरी त्यस्ता वस्तुको मूल्य अभिवृद्धिमा जोड दिईनेछ। यस प्रयोजनको लागि कृषि तथा जडिबुटी प्रशोधन केन्द्रहरू स्थापना तथा सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

७.२१ ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् प्राकृतिक सम्पदा तथा स्थानीय भाषा, संस्कृति, साहित्य, कला, सभ्यता र ज्ञानको संरक्षण तथा प्रवर्द्धन गरी कर्णाली प्रदेशलाई आकर्षक पर्यटकीय प्रदेशको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ।

७.२२ प्राथमिकताका आधारमा योजना छनोट प्रक्रियालाई व्यवस्थित गर्न प्रदेश परियोजना बैंक स्थापना गरी संस्थागत गरिनेछ। आयोजना तथा कार्यक्रमहरु संस्थागत प्रणालीबाट छनोट गर्ने पद्धतिलाई थप सुदृढ गरिनेछ। बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका हरेक चरणमा दिगो विकास, जलवायु परिवर्तन, लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई आन्तरिकीकरण गरिनेछ।

७.२३ निर्माणाधीन प्रदेश गौरवको आयोजनाको रुपमा रहेको प्रदेश रङ्गशाला निर्माण कार्य सम्पन्न गरिनेछ। यस प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुदलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्न आवश्यक पूर्वाधारको निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ। उक्त प्रतियोगितामा कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने खेलाडीको मनोबल उच्च राख्न प्रोत्साहन र प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

७.२४ नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्य, प्रदेश सरकारका प्राथमिकता तथा आवश्यकता र हालसम्मका उपलब्धिको आधारमा कर्णाली प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा गरी बजेटलाई योजनासँग अन्तरआवद्धता गर्ने नीति लिइनेछ।

७.२५ प्रदेश महत्त्वका आयोजनाहरु सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा निर्माण गर्न पहल गरिनेछ। प्रदेशमा कार्यान्वयनमा रहेका निर्माणाधीन बहुवर्षीय, स्रोत सुनिश्चितता प्राप्त, दायित्व सिर्जना भएका आयोजनालाई प्राथमिकीकरण गरी रकम अभाव हुन नदिन आवश्यक व्यवस्था गरिनेछ। बहुवर्षीय, स्रोत सुनिश्चितता प्रदान गरिएका र दायित्व सिर्जना भएका समपूरक तथा क्रमागत आयोजना बाहेक अन्य आयोजनाहरू क्रमागत आयोजनाको रुपमा नलिने नीति लिइनेछ।

७.२६ बजेट तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी नतिजामुखी बनाउन प्राथमिकता प्राप्त क्षेत्रमा बजेट तथा कार्यक्रम केन्द्रित बनाई निरन्तर रुपमा अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने र सुझाव कार्यान्वयनमा जोड दिइनेछ। प्रदेश गौरवका र बहुवर्षीय आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने नीति अवलम्बन गरिनेछ।

**माननीय सभामुख महोदय,**

७.२७ दलित समुदायको शैक्षिक तथा आयस्तर उकास्न उनीहरूको परम्परागत सिप र ज्ञानको संरक्षण गर्दै मागमा आधारित सिप प्रदान गर्न र स्वरोजगारी सिर्जनाका लागि आयमूलक कार्यक्रम सञ्चालनका लागि प्राथमिकता दिइनेछ। अल्पसङ्ख्यक, सीमान्तकृत, लोपोन्मुख राउटे, राजी, वादी, गाइने, ज्येष्ठ नागरिक, एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका व्यक्ति, वञ्चितीकरणमा परेका नागरिक, सहिद परिवारका सदस्य तथा घाइतेलाई विकासका हरेक प्रक्रियामा सहभागी गराई उनीहरूको सशक्तीकरण एवम् मूलप्रवाहीकरण तथा हकहितको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ।

७.२८ सबै उमेर समूहका बालबालिकाको अधिकार सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। अभिभावकविहीन तथा सडक बालबालिकाको पालनपोषण र माध्यमिक तहसम्म शिक्षाको सुनिश्चितताका लागि स्थानीय तह र सामाजिक सङ्घ-संस्थासँग समन्वय र सहकार्य गरिनेछ।

७.२९ युवा जनशक्तिलाई जीवनोपयोगी प्राविधिक शिक्षा तथा सिपमूलक तालिम प्रदान गरी उत्पादन वृद्धि र विकासका क्रियाकलापहरूमा सहभागी गराइनेछ। सोका लागि सङ्घ तथा स्थानीय तहसँगको सहकार्यमा व्यावसायिक, रोजगारमूलक र पढ्दै कमाउँदै जस्ता जीवनोपयोगी शिक्षा सञ्चालनमा जोड दिइनेछ। प्रदेशभित्र सञ्चालित उद्योग व्यवसायलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सिप विकास तालिम सञ्चालनलाई निरन्तरता दिने नीति लिइनेछ।

७.३० शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षण सिकाईलाई प्रविधिमैत्री बनाई शैक्षिक पूर्वाधारको विकास र विस्तार गरिनेछ। प्रदेश सरकारबाट प्रदत्त सेवाहरूको डिजिटाइजेसन, नागरिकहरूमा डिजिटल साक्षरता प्रवर्द्धन, डिजिटल शिक्षाको विकास र विस्तार गर्दै विद्युतीय सुशासन कायम गर्ने नीति लिइनेछ।

७.३१ नीतिगत, कानूनी र पूर्वाधार विकास तथा प्रक्रियागत सरलीकरण गर्दै लगानीमैत्री वातावरण निर्माण गरी कर्णाली प्रदेशको विकासमा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिइनेछ।

७.३२ सेवा प्रवाहको सहजता, अन्तर निकाय समन्वय र सहकार्यका लागि विभिन्न स्थानमा रहेका प्रदेश मन्त्रालयहरूलाई एकीकृत रुपमा भौतिक संरचनाको निर्माण गर्ने नीति लिइनेछ।

७.३३ विपद् व्यवस्थापनका लागि नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा पूर्व तयारी, प्रतिकार्य, विपद् प्रभावितलाई राहत र पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ। विपद् उद्धार तथा राहत सामग्रीको शीघ्र उपलब्धता हुने व्यवस्था मिलाइनेछ। भुकम्प, बाढी, पहिरो, आगलागी लगायतका विपद्बाट पीडितलाई सङ्घ र स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी उचित राहत उपलब्ध गराइनेछ। विपद् उद्धारमा स्वयंसेवी रुपमा सहभागी हुन युवाहरूलाई उत्प्रेरित गराउनुको साथै उनीहरूलाई आवश्यक प्रशिक्षण र सुरक्षा सामग्री उपलब्ध गराइनेछ। विपद् उद्धार र प्रतिकार्यमा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने तथा विपद् जोखिम विरुद्ध सामिहक दूर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७.३४ आगामी आर्थिक वर्षमा मुख्यतः उत्पादनमूलक, प्राथमिकता प्राप्त र कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रममा रकम विनियोजन गरिनेछ। परिणाममुखी, सहभागितामूलक, रोजगारमूलक र दीर्घकालीन प्रभाव पार्ने विकास परियोजना कार्यान्वयनमा विशेष जोड दिइनेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र संस्थागत प्रभावकारिता ल्याउन एकै प्रकृतिका कार्य गर्ने कार्यालयहरूलाई एक आपसमा गाभ्ने नीति लिइनेछ।

७.३५ विभिन्न क्षेत्रबाट प्राप्त हुने प्रदेशको आन्तरिक राजस्वको दायरा वृद्धि गर्ने तथा सरलीकृत कर प्रणालीको विकासमा जोड दिइनेछ। राजस्व सङ्कलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सही सदुपयोग गरी मुद्राको मूल्य सुनिश्चित गरिनेछ।

७.३६ वित्तीय सङ्घीयतालाई संस्थागत गर्न वित्तीय साधन स्रोतको उच्चतम् प्रयोग र तीन तहका सरकारबिच वैज्ञानिक बाँडफाँट गर्न विशेष पहल गरिनेछ। सङ्घीय सरकारले उपलब्ध गराउने अनुदान वितरणको आधार र ढाँचा तयार गर्दा विकासको लागत, राजस्व परिचालनको सम्भाव्यता र भूगोललाई समेत आधार लिन सङ्घ सरकारसँग पहल गरिनेछ।

७.३७ सार्वजनिक खर्चमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र पारदर्शीता कायम गरी वित्तीय सुशासन कायम गरिनेछ। सार्वजनिक निकायको संस्थागत क्षमता अभिवृद्धि गरी बजेट कार्यान्वयन प्रणालीलाई सुदृढ गरिनेछ।

७.३८ स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, प्रविधिमैत्री, सहभागितामूलक, उत्प्रेरित, जनउत्तरदायी र सेवामूलक प्रशासनका लागि एकीकृत रुपमा कर्मचारी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रदेशको आन्तरिक स्रोत, कार्यचाप र आवश्यकतालाई मध्यनजर गर्दै प्रदेश सरकार मातहतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी संरचनालाई उपयुक्त आकारमा ल्याइनेछ।

७.३९ बैङ्क खाता छोरीको सुरक्षा जीवन भरिको जस्ता कार्यक्रमहरूका सम्बन्धमा विगतमा प्रदेश सरकारबाट लिइएका नीतिहरूको मूल्याङ्कन गरी समयानुकूल पुनरावलोकन गरी परिमार्जन गरिनेछ।

७.४० कर्णाली प्रदेश समन्वय परिषद्, विकास परिषद् लगायतका संरचनाहरूलाई थप सक्रिय बनाई प्रदेशका नीति तथा कार्यक्रमहरू तर्जुमा, बजेट निर्माण, कार्यान्वयन तथा अनुगमनमा जनप्रतिनिधिको भूमिका र अपनत्व वृद्धि गरिनेछ। प्रदेश सरकारबाट प्रदत्त सेवाका सम्बन्धमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी प्राप्त नतिजाका आधारमा सेवा प्रवाहमा सुधार गर्दै लगिनेछ।

७.४१ विनियोजन विधेयकका प्रस्तुत सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूका आधारमा तर्जुमा गरिने आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनबाट कर्णाली प्रदेशको आर्थिक तथा सामाजिक विकास भई समृद्ध कर्णाली निर्माणका लागि अपेक्षा पूरा हुने विश्वास लिएको छु।

**अन्तमा,**

विनियोजन विधेयक, २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू उपर सम्मानित यस सदनमा छलफल गरी माननीय सदस्यहरूबाट सकारात्मक र रचनात्मक सुझाव तथा सल्लाह प्राप्त हुने अपेक्षा गरेको छु। उक्त सुझाव तथा सल्लाहलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मार्गदर्शनको रुपमा लिइने समेत विश्वास दिलाउन चाहन्छु।

**धन्यवाद**